# साहित्य परिषद् भुटानको वार्षिकोत्सवमा सम्मान एवं कृति लोकार्पण



**हिमालय टाइम्स**
विन्डसर, ११ भदौ

साहित्य परिषद् भुटानको ३०औं वार्षिक अवसरमा क्यानाडाको विन्डसोर ओन्टारियोमा सम्पन्न भएको छ । क्यानाडा शाखाका खगेन्द्र गौतमको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । समारोहमा भुटानी समुदायका विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

अर्जुन प्रधानलाई पत्रकारिता, केशव बैरागी माइलोलाई साहित्य तथा भाषा सम्पादन, अर्जुन रसाइलीलाई सांगीतिक, कृष्ण दंगाल र गोमा अधिकारीलाई नेपाली कक्षा सञ्चालन, आरबी खड्का र डिपी ओस्तीलाई गीतसंगीत र साहित्यमा योगदान पुऱ्याएको भन्दै सम्मान अर्पण गरिएको थियो । उहाँहरूलाई समारोहकका प्रमुख अतिथि साहित्यकार गीता खत्री र सस्थांका अध्यक्ष खग्रेन्द्र गौतमले सम्मानपत्र अर्पण गर्नुभएको थियो ।

कार्यक्रममा 'प्रहेलिका' उपन्यासका लागि जेएन दाहाललाई 'हिमटीका आख्यान पुरस्कार' प्रधान गरिएको थियो । प्रत्येक तीन वर्षमा भुटानी समुदायका लेखकलाई दिइने सो पुरस्कार दाहाललाई एक हजार एक सय डलर नगदसहित प्रमाण पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा डा.लक्ष्मी नारायण ढकालले 'भाषाको समस्या र सामाधानको दिशा' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने भक्त घिमिरेले 'देश सम्झने प्रस्तावना' र भोला सुवेदीको 'हाम्रो भाषा संस्कृति र पहिचानको 'लक्ष्य चिन्तन' विषयमा तीन कार्यपत्र प्रस्तुत भएका थिए ।

बाल प्रतिभाहरू क्षितिज गौतम र निकुम्ज आचार्यले संयुक्तरूपमा कविता वाचन गर्नुभएको थियो भने रिया र रिदम रिजालले 'फूलको आँखा'मा गीत प्रस्तुत गर्नुभएको थियो । गायक तथा संगीतकार अर्जुन रसाइली र मनोज राईले भाषा र साहित्यमा योग्दान पुऱ्याउने स्रस्टाको सम्मानमा गीत गाउनुभएको थियो । यस्तै संस्थामा योगदान गर्ने पुऱ्याउने सदस्यहरू भोला सपाकोटा, डा.लक्ष्मीनारायण ढकाल, भवानी अधिकारी, मनोज राई, लीला निशा र खेम साण्डिल्यलाई पनि समान्न गरिएको थियो ।

उक्त अवसरमा स्व.देविभक्त लामिटारेकृत 'दन्किँदो भुटान', बी.पी शर्माकृत 'म सिंगै हराउन लागिरहेको छु एउटा शहरभित्र', तुम्बेहाङ लिम्बु कृत 'आगोको बिउ' र हेम गुरगाईंद्वारा अनुदित पुस्तक 'दि प्लिग-विटनेस्'को लोकार्पण गरिएको थियो । लेखक र प्रकाशकहरूले आ-आफ्नो कृतिको बारेमा भुटानी साहित्यको विकास र संरक्षणमा नेपाली भाषी भुटानी पाठकको महत्त्वबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा नवीन प्राचीन, विश्वास लामा, ओम ढुंगेल, जय हुमगाईं, मदन दुलाल, भरत तिम्सिना, धर्मेन्द्र तिम्सिना 'क्षितिज' मदन दुलाल, तुलसा अधिकारी, सिद्धान्त ढुंगाना, हर्षित सिग्देल लगायतका नयाँ र पुरानाका स्रष्टाहरूले रचन वाचन गरेर कार्यक्रमको गरिमा बढाउनुभएको थियो । स्थानीय कलाकारहरूले नृत्य तथा गीतसमेत प्रस्तुत गरेका थिए ।

समारोहको प्रमुख अतिथि गीता खत्रीले आफ्नो कवितामार्फत नेपाली स्रष्टा र नेपाली भाषी भुटानीबीचको प्रगाढ सम्बन्धले साहित्य विश्वभर फैलिंदै गएकोमा खुशी व्यक्त गर्नुभयो । कार्यक्रममा अष्ट्रेलियन राजनीतिमा काम गरिसक्नु भएका ओम ढुंगेल, इन्द्रकुमार तिम्सिना, ओहायो सिटिकाउन्सिलर भुवन प्याकुरेल, अनेसासका पूर्वअध्यक्ष गोवर्धन पूजा, विमला ढुंगाना, इन्द्रकुमार तिम्सिना, दीपा राई पुन, डा.गोविन्दसिंह रावत, चित्र प्रधान, राम खत्री, लीला निशा, कलाकार मनोज राईलगायत अमेरिका र क्यानाडाबाट तीन दर्जनभन्दा बढी स्रष्टा सर्जकको उपस्थिति थियो ।

संस्थाका केन्द्रीय अध्यक्ष गंगा लामिटारेले एक्लै यो भाषा साहित्यको लडाइँ अघि बढन नसक्ने भन्दै यसलाई बचाउन र अघि लान नयाँ पुस्तलाई आउन आग्रह गर्नुभयो । लामिटारेले नेपाली भाषा, साहित्य र संगीत मासियो भने भुटानी संस्थापनले जितेको ठहरिने भएकाले यो जोगाउन सबैले लाग्नुपर्नेमा जोड दिनुभएको थियो । स्थापनाकालदेखिकै सक्रिय लामिटारेले परिषद् अघि लान २५ हजार डलरको अक्षय कोषका लागि रकम दिने वचनबद्धता व्यक्त गर्नुभएको थियो । समारोहमा भुटानी साहित्यमा नयाँ ऊर्जा र प्रेरणा थप्न महत्त्वपूर्ण योगदान पुऱ्याएको सचिव खेम रिजालले बताउनुभयो ।

भाषाका महत्त्वपूर्ण कृतिहरू नेपाली भाषामा र नेपालीका कृतिहरू अन्य भाषामा अनुवाद गर्ने स्रष्टाका लागि पाँच हजार अमेरिकी डलरको अनुवाद पुरस्कारको स्थापनाको घोषणा पनि गरिएको थियो । प्रत्येक तीन वर्षमा प्रदान गरिने उक्त पुरस्कारको स्थापना व्यवसायी प्रकाश अधिकारी (ओम गोरखाली)ले गर्नुभएको थियो भने गजलकार तथा सहयोगी धर्मेन्द्र तिम्सिना 'क्षितिज'ले पनि प्रत्येक वर्षको कार्यक्रमा डलर एक हजार प्रदान गरिने घोषण गर्नुभएको थियो ।

बस दुर्घटनाबाट तीन महिनाअघि बित्नुभएका त्रिभुवन विश्वविद्यालयका प्रोफेसर तथा कृषि वैज्ञानिक डा.गोविन्द रिजाललाई श्राद्धाञ्जलि अर्पण गर्दै सुरु भएको कार्यक्रमलाई लेखक खेम रिजाल र डिबी होस्तीले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा क्षितिज गौतमले 'भुटिनज लिट्रेचर' साइटका विषयमा चर्चा गर्नुभएको थियो । चार हजारभन्दा धेरै सिर्जना संकलन गरी सकेको साइट साहित्य परिषद्को सञ्चालनमा पन्ध्र वर्षदेखि निरन्तर चल्दै आएको छ ।

परिषद्का निर्देशक भानु ढुंगानाले सहभागीहरूलाई स्वागत गरेको कार्यक्रमको सभापतित्व गर्नुभएका अर्का निर्देशक खगेन्द्र गौतमले कार्यक्रम आयोजना गर्न मद्दत गर्ने सबैलाई दिँदै सहभागीप्रति आभार व्यक्त गर्नुभएको थियो ।

# रामप्रसाद खनालको 'मौलिक र सन्देशमूलक तीज गीत' सार्वजनिक



**काठमाडौं/हिटा ।** वरिष्ठ लोकगायक रामप्रसाद खनालको तीज गीत 'मौलिक र सन्देशमूलक तीज गीत' सार्वजनिक भएको छ ।

मौलिक दोहोरी शैलीमा तयार गीतमा रामप्रसाद खनाल, राजु परियार, नवीन पौडेल, कमला पोखरेल, प्रतिमा विश्वकर्मा, मीना लामा, मञ्जु विक, यमप्रसाद न्यौपाने, दीपिकालगायतको स्वर छ ।

गीतको शब्द तथा संगीत र एरेञ्ज रामप्रसाद खनालले लेख्नुभएको हो ।

विदेशिएका युवा र उसका बाबुआमाको पीर र समस्यादेखि सामाजिक सञ्जालसम्मको प्रभावसम्मका विषय गीतमा उठाइएको छ ।

रामप्रसादकै निर्देशन रहेको भिडियोको छायांकन तथा सम्पादन तारकान्त बिकेले गर्नुभएको हो । भिडियोमा गायक गायिकालाई लाइभ दोहोरी शैलीमा गीत गाउँदै गरेको देखाइएको छ ।

# पाख्रिनलाई मरणोपरान्त एक लाख रुपैयाँको जेबी टुहुरे स्मृति पुरस्कार

**हिमालय टाइम्स**
काठमाडौं, ११ भदौ

जनगायक जेबी टुहुरे स्मृति सम्मान-२०८१ वरिष्ठ जनवादी गायक खुसिराम पाख्रिनलाई मरणोपरान्त प्रदान गरिएको छ । जेबी टुहुरे फाउण्डेशनले हरेक वर्ष गर्ने स्रष्टा सम्मान कार्यक्रमअन्तर्गत यसवर्ष स्वर्गीय पाख्रिनलाई सम्मान गरिएको हो ।

टुहुरेको तेस्रो स्मृति दिवसको सन्दर्भमा काठमाडौंको इच्छुक प्रतिष्ठानमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्वर्गीय पाख्रिनकी श्रीमती सुकमाया पाख्रिनलाई एक लाख रुपैयाँ राशिको पुरस्कार तथा सम्मान अर्पण गर्नुभएको थियो ।

पुरस्कार वितरण समारोहमा पूर्वप्रधानमन्त्री प्रचण्डले वरिष्ठ जनगायक जेबी टुहुरे र खुसिराम पाख्रिन दुवैले नेपाली समाजको रूपान्तरणमा अतुलनीय भूमिका निर्वाह गरेको स्मरण गर्नुभयो । २०३८ सालदेखि जनपक्षीय गीत गाउन थाल्नुभएका पाख्रिनले आफ्नो जीवकालमा एक सयभन्दा बढी गीतमा स्वर तथा संगीत दिनुभएको छ । पाख्रिनका 'सगरमाथाको काखमा नेपाल देश छ', 'उठ जाग युवाहरू', 'लाल झुपडीका मान्छेहरू' जस्ता गीत चर्चित छन् ।



जेबी टुहुरे प्रतिष्ठानले-२०७९ सालदेखि गीतसंगीतका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने विशिष्ट प्रतिभा, दीर्घ साधक र प्रगतिशील क्षेत्रका कलाकारलाई जेबी टुहुरे स्मृति सम्मान प्रदान गर्दै आएको छ । २००१ साल कात्तिक १५ गते धरानको पुरानो बजारमा जन्मिनुभएका जुठबहादुर खड्गी (जेबी टुहुरे)को २०७८ भदौ १० गते काठमाडौंको वयोधा अस्पतालमा निधन भएको थियो । उहाँको योगदानको कदर गर्दै २०८० भदौ ६ गतेको मन्त्रिपरिषद् बैठकले जेबी टुहुरेलाई 'जनगायक'को उपाधि प्रदान गर्ने निर्णय गरेको थियो ।

# 'सानो संसार' को 'मग मग फूलबारी'



**हिमालय टाइम्स**
काठमाडौं, ११ भदौ

असोज ११ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलत्रिच 'सानो संसार'को गीत 'मग मग फूलबारी' सार्वजनिक गएको छ । श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर राजधानीमा आयोजित एक कार्यक्रमबीच चलचित्रको गीत सर्वाजनिक गरिएको हो । राजनराज सिवाकोटीको शब्द तथा संगीत रहेको गीतमा मेलिना राई र सिवाकोटीकै स्वर छ । विवाहको सेटअपमा तयार पारिएको सार्वजनिक गीतमा चलचित्रका मुख्य कलाकार फिचर्ड छन् । शरद महतोले खिचेको सार्वजनिक गीतको भिडियोमा सुजैन खड्का र मनोज खड्काको कोरियोग्राफी छ ।

पारिवारिक कथावस्तुमा निर्माण भएको चलचित्रमा हाँस्य कलाकार केदार घिमिरे 'माग्नेबुढा'की श्रीमती सीतादेवी तिमल्सेनाको मुख्य भूमिका छ । सिद्धार्थ पुडासैनीको निर्देशन रहेको चलचित्रमा सीताका अलवा राज पंगेनी शर्मा, अनु दाहाल, अञ्जसा रिजाल, शिशिर सिवाकोटी, सरिता भण्डारी, जीवन गौतमलगायतको अभिनय छ । यी सबै कलाकारले नेपाली रजतपटमा डेब्यु गर्दैछन् । यही चलचित्रबाट पुडासैनीले पनि लेखन तथा निर्देशनमा डेब्यु गर्दै हुनुहुन्छ । उहाँलाई चलचित्रको कथा लेखनमा सरिष्मा खत्रीले सघाउनुभएको छ । प्रवीन खड्काको छायांकन र रोमी तन्डुकारको सम्पादन रहेको चलचित्रको डिजिटल पाटर्नर म्युजिक नेपाल र क्रिएटिभ पाटर्नर टुनामुना कन्सेप्ट हो ।

राजधानी मिडिया एड प्रोडक्सन र प्रिन्सेस मुभिजको ब्यानरमा सिनेमा निर्माण भएको छ । अर्जुनकुमार निर्माता रहेको यो चलचित्रको कार्यकारी निर्माता माधव वाग्ले हुनुहुन्छ । राजधानी मिडिया र प्रिन्सेस मुभिजले चलचित्रलाई संयुक्तरूपमा प्रदर्शन गर्नेछन् ।

# 'खुस्मा'को गीत 'रुकुम मैकोट'

**हिमालय टाइम्स**
काठमाडौं, ११ भदौ



चलचित्र 'खुस्मा'को दोस्रो गीत 'रुकुम मैकोट' सार्वजनिक भएको छ । एसडी योगीको संगीत निर्देशन तथा सुरेन्द्र रानाको शब्द रचना रहेको गीतमा संगीतकार योगी र शान्तिश्री परियारको स्वर छ । सिनेमाको यो गीतमा सिनेमाका मुख्य कलाकार धीरज र उपासनासँग अन्य कलाकार फिचर्ड छन् । रिकेश गुरुङ संगीत निर्माता रहेको गीतको भिडियोमा सुरेन्द्र राईको कोरियोग्राफी छ ।

एम मिडिया प्रालिको ब्यानरमा निर्माण भएको चलचित्रको लेखन तथा निर्देशन अशोक थापामगर गर्नुभएको हो । उहाँले यसअघि केही डकुमेन्ट्री सिनेमा लेखन तथा निर्देशन गरेपनि यो नै ठूलो पर्दाको पहिलो निर्देशकिय चलचित्र हो । डकुमेन्ट्री सिनेमाबाट निर्देशक थापाले नौवटा विभिन्न अन्तर्राष्ट्रिय सिनेमा महोत्सवबाट आवार्ड प्राप्त गरिसक्नुभएको छ ।

संविधान दिवसको अवसर पारेर असोज ३ गतेबाट प्रदर्शनको तयारीमा रहेको यो चलचित्रको निर्मातामा वीरबहादुर लामा, चन्द्रबहादुर भट्टचन, मानबहादुर धनाह मगर र बेतान मगर हुनुहुन्छ, भने सहनिर्माता सुस्मिता बुढाथोकी हुनुहुन्छ । मोहन राई कार्यकारी निर्माता रहेको चलचित्रमा दीपक बज्राचार्यको छायांकन छ ।

चलचित्रमा धीरज र उपासनाका अलवा माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), सुजाता राई, विजय सुब्बा, राज थापा काउचा, अस्तित्व भट्टचन, संगीता थापामगर, अरुन मगर, सारा राई, श्वेता मिश्र, विवेश मगरलगायत कलाकारको अभिनय छ ।

मगर समुदायको परिवेशमा निर्माण भएको प्रेमकथामा आधारित सिनेमाले सशस्त्र युद्धको प्रभावका बीच अंकुराएको प्रेमलाई पर्दामा देखाउनेछ । एसडी योगी र छान्जु पार्क (कोरियन)को संगीत, सुरेन्द्र राना, राम अविरल विष्ट र निर्देशक थापामगरको गीत रचना छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना**

सुचना प्रकाशन मिति २०८१-०५-१२

यस डिभिजनको मिति २०८०/१२/३० गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०३-२०८०/८१ PPMO को E-Procurement Portal मार्फत बोलपत्र आवहान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट E-Bid मार्फत प्राप्त प्राविधिक एवंम् आर्थिक प्रस्ताव मध्ये मिति २०८१/०२/०९ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन सम्पन्न भई मिति २०८१/०५/०९ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावमा सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति :-** २०८१/०५/१९ गते, बुधबार, **समय :-** दिउसो ३:०० बजे, **स्थान :-** सडक डिभिजन चन्द्रनिगाहपुर

| सि. नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सारभूत रुपमा प्रभावाग्राही देखिएका बोलापत्रदाताहरुको नामावली |
|---|---|---|---|
| 1 | RDCNP/33701138-2080/81-15 | Upgrading and Improvement of Chandrapur Gaur Road Section from Ch. 25+440 to 41+800, Rautahat | १. लामा कन्स्ट्रक्सन कम्पनी प्रा.ली.<br>२. रौताहा कन्स्ट्रक्सन प्रा.ली.<br>३. दिवा निर्माण सेवा प्रा.ली.<br>४. कुमार/कमलजीत जे.भी.<br>५. स्वच्छन्द/सन्तोषी/डि. & एन. जे.भी.<br>६. रमन/आश्रय जे.भी.<br>७. कन्काई इन्टरनेशनल/पि.के. जे.भी.<br>८. रोशन कन्स्ट्रक्सन प्रा.ली.<br>९. गौरी पार्वती/दिव्य ज्योती जे.भी. |

**डिभिजन प्रमुख**

# अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सीमित गर्दै अष्ट्रेलिया सरकार

**एजेन्सी**
क्यानबेरा, ११ भदौ



अष्ट्रेलियाली सरकारले सन् २०२५ मा विश्वविद्यालय र व्यावसायिक शिक्षा प्रदायक माझ नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना दुई लाख ७० हजारमा सीमित गर्ने मंगलबार घोषणा गरेको छ । घोषणा अनुसार अष्ट्रेलियाले आगामी नयाँ वर्षमा सार्वजनिक वित्त पोषित विश्वविद्यालयमा एक लाख ४५ हजार व्यावसायिक शिक्षा र प्रशिक्षण (भीईटी) क्षेत्रमा ९५ हजार तथा अन्य विश्वविद्यालय र गैरविश्वविद्यालय उच्च शिक्षा प्रदायकहरूमा ३० हजार अन्तर्राष्ट्रिय विद्यार्थीलाई अनुमति दिनेछ ।

शिक्षामन्त्री जेसन क्लियरले विश्वविद्यालयलाई सन् २०१९ को तुलनामा १५ प्रतिशत बढी अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गर्न अनुमति दिइने तथा भीईटी प्रदायकका लागि २० प्रतिशतले कटौती गरिने जनाउनुभएको छ । उहाँले निर्धारित सीमाहरू, संसद्ले पारित गर्ने बताउँदै अन्तर्राष्ट्रिय विद्यार्थीको संख्या सन् २०१९ को भन्दा सात हजारले कम र २०२३ को भन्दा ५३ हजार कम गर्ने जानकारी दिनुभएको छ ।

घोषणा अनुसार अन्तर्राष्ट्रिय विद्यार्थीको कोटा पूरा गर्न असफल हुने संस्थाहरूले रिक्त पदहरू अन्य संस्थानहरूमा स्थानान्तरण गर्न सक्छन् । घोषणा शिक्षा प्रणालीलाई अझ प्रभावकारी र निष्पक्ष रूपमा स्थापना गर्ने प्रयत्नशील रहेकाले केही विश्वविद्यालयलाई मात्र नभई सम्पूर्ण क्षेत्रलाई लाभान्वित गर्ने क्लियरले उल्लेख गर्नुभयो ।

यसअघि सत्तारुढ लेबर पार्टीले सन् २०२२-२३ मा अष्ट्रेलियाको कुल आप्रवासन संख्या पाँच लाख २८ हजार बाट घटाएर सन् २०२४-२५ सम्ममा दुई लाख ६० हजार बनाउने रणनीतिसहित अन्तर्राष्ट्रिय विद्यार्थी संख्या सीमित गर्ने योजना घोषणा गरेको थियो ।

गत जुलाईमा सरकारले अन्तर्राष्ट्रिय विद्यार्थी भिसा आवेदन शुल्क ७१० अष्ट्रेलियन डलरबाट दोब्बर बढाएर एक हजार ६०० अष्ट्रेलियन डलर बनाएको छ । गैरसरकारी संस्था युनिभर्सिटीज अष्ट्रेलियाका प्रमुख कार्यकारी ल्युक सिहीले अगस्टको सिनेट सुनुवाइमा विश्वविद्यालयको अर्बौं डलर राजस्व खर्च गर्ने र १४ हजार रोजगारी जोखिममा पार्ने जनाउनु भएको थियो ।

उहाँले अन्तर्राष्ट्रिय विद्यार्थीले गतवर्ष अष्ट्रेलियाको कुल गार्हस्थ्य उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको बताउँदै लगभग उनीहरूले नै राष्ट्रलाई मन्दीबाट जोगाएको उल्लेख गर्नुभयो । सरकारी तथ्यांकका अनुसार सन् २०२३ मा अष्ट्रेलियाको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय शिक्षाको मूल्य ४७.८ बिलियन अष्ट्रेलियन डलर थियो । रासस/सिन्ह्वा ।